# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

साविक नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, नेपाल


प.सं. :

च.नं. : १३०८

मिति : २०७५/०३/०४

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

नेपाल स्टक एक्सचेञ्ज लि.
दर्ता नं.: ३३८२
मिति: ३।५

श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

**बिषय : विशेष साधारण सभाको जानकारी तथा सो प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (बुक क्लोज) हुने सम्बन्धमा ।**

**महोदय,**

मिति २०७५/०३/०३ गते बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को सञ्चालक निर्वाचन प्रयोजनका लागि मिति २०७५/०३/२९ गते शुक्रबार बिहान ११:०० बजे प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुरमा विशेष साधारण सभा आयोजना गरिने भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दै सो प्रयोजनका लागि मिति २०७५/०३/१२ गतेका दिन यस वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिका बन्द (बुक क्लोज) रहने भएको हुँदा सो व्यहोरा खोलिएको विशेष साधारण सभाको सूचना समेत यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

भवदीय,

(झलेन्द्र भट्टराई)
कम्पनि सचिव


वेबसाइट : http://www.skbbl.com.np, ई-मेल : info@skbbl.com.np, फोन : ०१-४१११७५२/८२८/९२३, फ्याक्स : ४१११९०१, पो.ब.नं. : २१९५६

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## विशेष साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०३/०५ गते)

यस लघुवित्त वित्तीय संस्थाको मिति २०७५ असार ३ गते बसेको सञ्चालक समितिको ३१७ औं बैठकको निर्णयानुसार विशेष साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७५ असार २९ गते (July 13, 2018) शुक्रबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

**छलफलका विषयहरु:**

(क) यस वित्तीय संस्थाको समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विविध।

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**
**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)
(साविक नाम: साना किसान विकास बैंक लि.)
केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौं
फोन नं.०१-४१११८२८, Website : www.skbbl.com.np

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) विशेष साधारण सभाको प्रयोजनार्थ वित्तीय संस्थाको सेयरधनी दर्ता पुस्तिका मिति २०७५/०३/१२ गतेका दिन बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७५/०३/११ गते सम्म कारोबार भई सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले यो सभामा भाग लिन तथा आफ्नो समूहको निर्वाचनमा मतदान गर्न पाउने छन्।

(२) विशेष साधारणसभामा उपस्थित हुने सेयरधनी महानुभावहरुले सेयरधनी प्रमाणपत्र वा डिम्याट नं. वा संस्थागत प्रतिनिधिको हकमा आधिकारिक पत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन। शान्ति-सुरक्षाको दृष्टिकोणले सेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथासक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ।

(३) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात मिति २०७५/०३/२५ गते कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा रहेको प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ। एकै सेयरधनीले एक भन्दा बढि प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। तर एक सेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि .(प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएता पनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ। एक भन्दा बढी व्यक्तिलाई आफनो सेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन।

(४) नाबालक वा विक्षिप्त अवस्थाका सेयरधनीका तर्फबाट कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ। तर संरक्षकले आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको सेयरधनीको बाहेक अन्य सेयरधनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन।

(५) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका सेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वत: बदर हुनेछ।

(६) प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति यस वित्तीय संस्थाको सेयरधनी हुनु पर्ने छ।

(७) संयुक्त नाममा सेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकर्रर गरिएको व्यक्तिले अथवा सेयरधनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ।

(८) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था, साना किसान सहकारी संस्था वा कम्पनीले यस वित्तीय संस्थाको सेयर खरीद गरेको अवस्थामा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र आफ्नो समूहको निर्वाचनमा भागलिन पाउनेछ।

(९) समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम यस वित्तीय संस्थाको वेभसाईट तथा सूचना पाटिमा हेर्न सकिनेछ।

(१०) सेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि खुला रहने छ।

(११) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा वित्तीय संस्थाको वेभ साईट www.skbbl.com.np मा हेर्नु हुन वा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।